संघीय संसद

राष्ट्रिय सभा

पन्ध्रौं अधिवेशन

बैठक-६

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०१ बजे*

*बैठक स्थगित : ३:५१ बजे*

२०८० फागुन ११ गते, शुक्रबार

संघीय संसद, राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनको छैटौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**मा. जगत बहादुर पार्की**ले संसद विघटन पश्चातको विभिन्न परिघटनाले संसदीय व्यवस्थाको विरुद्धमा आवाज उठाउने शक्तिको मनोबल बढ्दै गएकाले र राजतन्त्रको वकालतमा समेत आवाज उठ्न सक्ने बताउनुभयो। वर्तमान गठबन्धनको सरकारले सुशासन र भ्रष्ट्राचार विरोधी अभियान सुचारु गरेर सह्रानीय काम गरेको विचार व्यक्त गर्नुभयो। सरकारी जग्गा हडप्ने प्रवृत्तिका विरुद्ध गृह मन्त्रालयले सर्कुलर गरी  विवरण उपलब्ध गराउन र कारवाही अघि बढाउने कदमको प्रशंसा गर्नुहुँदै सुदुरपश्चिम प्रदेशमा राष्ट्रिय गौरवका आयोजनाको प्रगति डिपिआरमा मात्र सिमित रहेको र बजेट समेत अपर्याप्त रहेको बताउनुभयो।

**मा. तुलसा कुमारी दाहाल**ले मिटरब्याज पीडितहरु आयोग, कानुन बनिसक्दा समेत न्यायका लागि संघीय राजधानी आउनुपरेको विषय, बालकुमारी घटना, धनुषा जिल्लाकी आरती साहको परिवारले न्याय माग गरको विषय प्रति सरकारको ध्यान आकर्षण गराउनुभयो। शिक्षा, स्वास्थ्यको विषयमा योजना, रणनीति, कार्यदिशाका सम्बन्धमा राज्य चुकेको कुरा बताउनुभयो। गठबन्धनको सरकारले सामाजिक जीवनका कुरा, किसानका समस्याहरु सम्बोधन गर्न नसकेको विचार व्यक्त गर्नुभयो। चुरेको संरक्षण एवं प्राकृतिक स्रोतको समुचित प्रयोग र व्यवस्थापनमा सरकारले ध्यान दिन नसकेको कुरा बताउनुभयो।

**मा. नारायण दत्त मिश्र**ले बचतकर्ताले सहकारीमा बचत गरेको रकम समेत फिर्ता पाउन नसकेको अवस्थाप्रति सरकारको ध्यानाकर्षण गराउनुहुँदै राजमार्गको सडक मर्मत, स्तरोन्नतीको कार्य गर्दा लामो खण्डको कार्य एकैपटक गर्नुपर्ने अवस्थामा विशेष ध्यान दिनुपर्ने अन्यथा यात्रु एवं स्थानीय जनताले सास्ती खेप्नुपर्ने कुरा बताउनुभयो। विगतको लामो संघर्ष पश्चात प्राप्त उपलब्धीलाई प्रतिगामी तत्वहरुले विचलन ल्याउन खोजेको हुँदा सजग हुनुपर्ने र देशलाई राजनीतिक प्रयोगशाला हुनबाट जोगाउन सबैले भूमिका खेल्नुपर्ने विचार व्यक्त गर्नुभयो।

**मा. राजेन्द्र लक्ष्मी गैरे**ले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको कार्य सुचारु हुन नसकेको प्रति चिन्ता व्यक्त गर्नुहुँदै समाजवादको लक्ष्य हासिल गर्न आगामी बजेटमा स्वास्थ्य, शिक्षा र कृषिलाई उच्च प्राथमिकतामा राखी योजना, कार्यक्रम तर्जुमा गर्नुपर्ने बताउनुभयो। बालकुमारी घटनाको सम्बन्धमा छानबिन समितिले पेश गरेको प्रतिवेदन सार्वजनिक भैनसकेको अवस्थामा आरोप प्रत्यारोप र अड्कलबाजी गर्न उपयुक्त नहुने कुरा बताउनुभयो।

**मा. तुल प्रसाद विश्वकर्मा**ले राज्यको नाममा रहेका अतिक्रमित जग्गाहरुको विवरण पठाउन गृह मन्त्रालयले गरेको सर्कुलरका विषयमा सरकारलाई धन्यवाद गर्नुहुँदै मिटरब्याजीहरुको हक हितको निम्ति पारित भएको कानुन कार्यान्वयनको लागि सरकारको ध्यान पुग्न नसकेकोमा असन्तुष्टि व्यक्त गर्नुभयो। किसानले दुधको मुल्य नपाउँदा सडकमा पोख्न बाध्य भएको प्रति तथा दाइजो, अन्तर्जातिय विवाह तथा प्रेम सम्बन्ध, दलित वर्गका विषयमा हुने हिंसा एवं उत्पीडन जस्ता सामाजिक विकृति प्रति सरकारको ध्यान पुग्न नसकेको कुरा व्यक्त गर्नुहुँदै जनताका लागि निर्माण गरेको कानुनहरु प्रत्यक्ष रुपमा अनुभुत हुनेगरी कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**मा. डा. खिमलाल देवकोटा**ले विरगन्ज कृषि औजार कारखाना सञ्चालनका लागि डा. महावीर पुनले पुस्तक बिक्री गर्दै हिड्नु भएको विषय प्रशंसनीय भएतापनि राज्यको लागि लज्जाको विषय रहेको बताउनुभयो। संघीय सरकारले मात्र नभई प्रदेश र स्थानीय तहले समेत डा. महावीर पुनको अभियानलाई साथ दिन आवश्यक रहेको बताउनुभयो। उहाँले १० वर्षे सशस्त्र द्वन्द्वको सन्दर्भ उल्लेख गर्दै विभिन्न उपलब्धी र दुर्बल पक्षको चर्चा गर्नुभयो। प्रदेश र स्थानीय तहमा स्रोत साधन र बजेटको माग र आवश्यकता अनुरुपको विनियोजनमा सरकार उदासिन रहेको बताउनुहुँदै नेपालको संसद माथि कार्यपालिका हाबी रहेकोले वित्तीय स्वायत्ता आवश्यक रहेको बताउनुभयो।

**मा. डा. बिमला राई पौडयाल**ले चिकित्सा शिक्षा ऐनले परिकल्पना गरेको लक्ष्य अनुरुप उपलब्धी हासिल हुन नसकेको कुरा बताउनुहुँदै चिकित्सा शिक्षा ऐन संशोधन गर्न आवश्यक रहेको र संशोधनका क्रममा शैक्षिक गुणस्तर कायम गर्नुपर्ने र पढ्न चाहने विद्यार्थीले देशभित्रै पढ्न पाउने वातावरण सिर्जना गर्नुपर्ने कुरा बताउनुभयो।

**मा. डा. दुर्गा कुमारी गुरुङ्ग**ले सत्य निरुपण तथा मेलमिलाप आयोगको कामकारवाहीमा ढिलासुस्ती देखिएको कुरा व्यक्त गर्नुहुँदै उजुरीका सम्बन्धमा छानबिन भई शीघ्र मेलमिलाप हुनुपर्ने र पीडितले न्याय पाउनुपर्ने करा व्यक्त गर्नुभयो। सत्य निरुपण तथा मेलमिलापको कार्यलाई सरकारले विशेष प्राथमिकतामा राख्नुपर्ने कुरा बताउनुभयो। द्वन्द्वका समयका पीडक र पीडित दुवैलाई शान्ति चाहिएको हुँदा यस विषयलाई राजनीतिक रंग दिन नहुने विचार व्यक्त गर्नुभयो।

**मा. कुमार दसौंदी**ले जनप्रतिनिधीले जनतामा नैतिकता, सदाचार र संस्कार प्रदर्शन गर्न नसकेको कारण व्यवस्थाहरु टिक्न नसकेको कुराप्रति चिन्ता व्यक्त गर्नुहुँदै सीमित व्यक्तिहरुले अर्थव्यवस्थालाई आफ्नो मुठ्ठीमा राखेको कुरा बताउनुभयो। लक्षित वर्गका लागि व्यवस्था गरिएको सहुलियतको ऋण दिने

व्यवस्था हटाएको हुँदा त्यसलाई निरन्तरता दिनुपर्ने माग गर्नुहुँदै सरकार जनताको पक्षमा नरहेको आरोप लगाउनुभयो साथै उहाँले सार्वजनिक खपतका लागि नभइ जनताको पक्षमा काम गरेमा मात्र व्यवस्था जोगाउन सकिने कुरा बताउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी देहाय बमोजिमको पत्रको व्यहोरा जानकारी गराउनुभयो ।

“माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल श्रीलङ्काको कोलम्बोमा आयोजना हुने खाद्य तथा कृषि सङ्गठनको ३७ औं एसिया प्यासिफिक क्षेत्रीय मन्त्रीस्तरीय गोष्ठीमा सहभागी हुन संवत् २०८० साल फागुन ५ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)
मुख्यसचिव
२०८० फागुन ९"

तदुपरान्त सम्माननीय अध्यक्षले माननीय सदस्य दिलकुमारी रावल थापा (पार्वती) प्रस्तावक र माननीय सदस्य देवेन्द्र दाहाल, माननीय सदस्य अनिता देवकोटा, माननीय सदस्य गोपीवहादुर सार्की आछामी, माननीय सदस्य जयन्ती देवी राई, माननीय सदस्य मोहम्मद खालिद, माननीय सदस्य शेखर कुमार सिंह, माननीय सदस्य तुल प्रसाद विश्वकर्मा, माननीय सदस्य डा. विमला राई पौड्याल र माननीय सदस्य खिमलाल देवकोटा समर्थक भई “मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी” संकल्प प्रस्ताव दर्ता गर्नु भएको व्यहोरा जानकारी गराउनुभयो।

त्यपछि सम्माननीय अध्यक्षले मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी संकल्प प्रस्तावमाथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८५ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट संशोधनको सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराउनुभयो र माननीय सदस्य दिलकुमारी रावल थापा (पार्वती)लाई उक्त संकल्प प्रस्ताव सभा समक्ष पेस गर्ने समय उपलब्ध गराउनुहुँदा माननीय सदस्यले उक्त प्रस्तावलाई पेस गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त संकल्प प्रस्तावको देहायबमोजिमका समर्थक माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य देवेन्द्र दाहाल,
माननीय सदस्य अनिता देवकोटा,
माननीय सदस्य गोपीवहादुर सार्की आछामी,
माननीय सदस्य जयन्ती देवी राई,
माननीय सदस्य मोहम्मद खालिद,
माननीय सदस्य शेखर कुमार सिंह,

मानननीय सदस्य तुल प्रसाद विश्वकर्मा, मानननीय सदस्य खिमलाल देवकोटा

मानननीय सदस्य डा. विमला राई पौड्याल

तदुपरान्त, सम्माननीय अध्यक्षले मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी सङ्कल्प प्रस्तावमाथि समर्थक माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको र उक्त प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहनुहुने देहायबमोजिमका अन्य माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

मा. सदस्य माया प्रसाद शर्मा,
मा. सदस्य तुलसा कुमारी दाहाल,
मा. सदस्य राजेन्द्र लक्ष्मी गैरे,
मा. सदस्य मदन कुमारी शाह (गरिमा),
मा. सदस्य गोमा देवी तिमल्सिना,
मा. राधेश्याम पासवान,
मा. प्रकाश पन्थ,
मा. सुरेश कुमार आलेमगर
मा. भुवन बहादुर सुनार
मा. कमला पन्त
मा. रामचन्द्र राई
मा. भगवती न्यौपाने
मा. कुमार दसौदी
मा. सुमित्रा वि.सी.
मा. भैरव सुन्दर श्रेष्ठ

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त संकल्प प्रस्तावमाथिको छलफलमा समर्थक बाहेक अन्य माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई सभामा उठेका विषयहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो र माननीय मन्त्रीले जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी संकल्प प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराई उक्त संकल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले देहायबमोजिमको निर्देश गर्नुभयोः

“मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन २०८१ असोज ३ गतेसम्म निर्माण गरिसक्नुपर्ने सम्बन्धी” संकल्प प्रस्तावमा उल्लेखित विषयहरुको कार्यान्वयनका लागि माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीले सभामा व्यक्त गर्नुभएका प्रतिवद्धता समेतका आधारमा मौलिक हक कार्यान्वयनको लागि बन्न बाँकी कानुन आगामी २०८१ असोज ३ गतेसम्म बनाई सक्न विधेयकहरूको मस्यौदा तयार गरी प्राथमिकताका आधारमा संसदमा पेस गर्न सरकारलाई निर्देशन गर्दछु।"

तत्पश्चात सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री डा. प्रकाश शरण महतलाई "सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित “विधायन सम्बन्धी विधेयक, २०८० माथि छलफल गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो । तदुपरान्त सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा

सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित "विधायन सम्बन्धी विधेयक, २०८०" माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्नुहुँदा देहायबमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो:

मा. माया प्रसाद शर्मा
मा. तुलसा कुमारी दाहाल
मा. मदन कुमरी शाह (गरिमा)
मा. प्रकाश पन्थ
मा. सुरेश कुमार आलेमगर
मा. देवेन्द्र दाहाल

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै "विधायन सम्बन्धी विधेयक, २०८०" माथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो। त्यसपछि सम्माननीय अध्यक्षले "विधायन सम्बन्धी विधेयक, २०८०" माथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "विधायन सम्बन्धी विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २७ सम्म उल्लिखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "विधायन सम्बन्धी विधेयक, २०८०" का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि २७ सम्म उल्लिखित संशोधनहरू "विधायन सम्बन्धी विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले देहायबमोजिमको विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो:

"प्रस्तावना: विधायन तर्जुमामा पारदर्शिता कायम गरी जनसहभागिता अभिवृद्धि गर्न, गुणस्तरीय विधायन निर्माण गर्न, प्रत्यायोजित विधायनको सीमा निर्धारण गर्न तथा विधायनको प्रकाशन र अभिलेखलाई व्यवस्थित बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "विधायन सम्बन्धी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

त्यसपछि, सम्माननीय अध्यक्षले "विधायन सम्बन्धी विधेयक, २०८० को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ्गलाई "विधायन सम्बन्धी विधेयक, २०८० लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो। उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन १४ गते सोमबार बिहान ११ बजेर १ मिनेटमा बस्ने गरी उक्त बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्म प्रसाद पाण्डेय
महासचिव